# फुक्यो संसदको गाँठो

भुवन केसी/तिलक पाठक

*प्रकाशित मिति:* **कार्तिक १८, २०७१**

प्रमुख तीन दल नेपाली काँग्रेस, नेकपा एमाले र एकीकृत नेकपा माओवादीबीच लिखित सहमति भएपछि अवरुद्ध हुँदै आएको व्यवस्थापका संसदको गाँठो फुक्यो । यससँगै बजेट पारितको वातावरण बन्यो भने संविधान निर्माण प्रकृयालाई अघि बढाउनका लागि दलहरुबीच दुरी केही नजिकियो । तरपनि मुख्य मुद्दा ठानिएका विषयमा राजनीतिक दलहरुबीच सहमति हुन सकेन । छलफलका क्रममा सहमति नभइरहेका बेला सत्तारुढ दल काँग्रेस र एमाले संविधानका मुख्य बुँदामा पार्टीगत र साझा अवधारणा बनाउनतिर लागे भने प्रतिपक्षीहरु आन्दोलनतर्फ । शान्ति प्रक्रियाका बाँकी कामलाई टुंगामा पुऱ्याउन भन्दै राजनीतिक समिति सकृय हुन थालेपनि अपेक्षित परिणाम आएन । जसले गर्दा संविधान निर्माणका बाँकी काम सहज रुपमा अघि बढ्न सकेनन् ।

## सहमतिपछि चल्यो संसद्

प्रतिपक्षी दलहरुले विगतमा भएका सहमति कार्यान्वयन हुनुपर्ने माग राख्दै आएपछि व्यवस्थापिका संसदको बैठक निरन्तर अवरुद्धै आएको थियो । संसद खुलाउनका लागि दलहरुबीच पटक पटक भएका वार्ता असफल हुँदै आएपछि संसदबाट बजेट समेत पारित हुन सकेको थिएन । सत्ता पक्ष र प्रतिपक्षी दलहरुबीच विवाद जारी रहेका बेला प्रधानमन्त्री सुशील कोइराला र एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालबीच अवरुद्ध संसद खुलाउनेबारे छलफल भयो । त्यसपछि भएको दलहरुको बैठकमा काँग्रेस, एमाले र एमाओवादीबीच राजनीतिक समिति बनाउने सहित पाँच बुँदे सहमति भयो । सहमतमा समितिमा काँग्रेस, एमाले, एमाओवादी र तराई मधेश केन्द्रीत दलहरुका नेताहरु रहने र समितिको नेतृत्व पहिलो दुई महिना एमाओवादी अध्यक्ष दाहालले गर्ने, त्यसले शान्ति प्रकृयाका बाँकी काम सम्पन्न गर्न र राजनीतिक दलहरुबीच पारस्पारिक समझदारी विकास गर्न सहयोग पुऱ्याउने, सशस्त्र द्वन्द्व र लोकतान्त्रिक आन्दोलनमा मारिका तथा ज्यान गुमाएकाका परिवारलाई चालू वर्षमा नै दुई दुई लाख रुपैयाँ दिने लगायतका थिए ।[1] त्यसको एमालेका केही सभासद्ले विरोध गरे । एमाले संसदीय दलको बैठकमा सभासद् मनकुमार गौतमले विगतमा त्यत्रो सुविधा पाएका माओवादीलाई फेरि किन दिने भनि प्रश्न उठाए ।[2] त्यसपछि संसद बैठक सञ्चालन भइ बजेटमाथि छलफल भयो । कार्तिक २ गते बसेको व्यवस्थापिका संसदको बैठकले आर्थिक वर्ष २०७१/७२ को बजेट पारित गऱ्यो ।

## सक्रिय भयो, राजनीतिक समिति

आफ्नो संयोजकत्वमा राजनीतिक समिति गठन भएपछि एमाओवादी अध्यक्ष दाहाल उत्साहित भए । समितिको गठन भएकाले दाहालले अब संविधान निर्माणले गति लिने विश्वास व्यक्त गरे।[3] गठन भएको राजनीतिक समिति सकृय हुन थाल्यो । शान्ति प्रकृयाका बाँकी काम पूरा गर्ने र संविधान

[1] नेपाली काँग्रेस, नेकपा एमाले र एमाओवादीबीच २०७१ साल असोज २२ गते पाँच बुँदे सहमति भएको थियो ।

[2] एमालेभित्र चर्को विरोध । असोज २४, २०७१ । अन्नपूर्ण पोष्ट, पृ.१ ।

[3] अब संविधान लेखनले गति लिन्छ : दाहाल । Retrieved November 3, 2014 from http://setopati.com/raajneeti/18522/

निर्माणमा दलहरुबीच समझदारी बनाउने क्षेत्राधिकार तय भएपछि समितिका संयोजक दाहालले भेटघाटलाई बढाए । उनले एमाले अध्यक्ष केपीशर्मा ओली, काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा, महामन्त्री कृष्णप्रसाद सिटौला र मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवसँग छुट्टा छुट्टै भेटघाट गरे । त्यसपछि दाहालले माघ ८ गतेभित्र संविधान जारी गर्न दलहरुबीच सहमति जुटाउन औपचारिक र अनौपचारिक छलफललाई तिव्रता दिएको बताए ।[4] यस्तै दाहालले संघीयतामा सहमति भए अरु विषयमा तत्काल सहमति गर्न सकिने प्रतिकृया पनि दिए । समितिको बैठकमा प्रधानमन्त्री सुशील कोइराला आउन आनकानी गरे । प्रधानमन्त्री विपक्षी पार्टीको नेतृत्वमा रहेको किन बसेको भन्दै पार्टीभित्रै आलोचना भएपछि कोइरालाले बैठकमा नआउने निर्णय गरेका हुन् ।[5]

आन्दोलन पनि घोषणा गर्ने र सहमतिका लागि वार्ता जारी राखेका बेला एमाले नेता प्रदीप ज्ञवालीले प्रचण्डले दोहोरो भूमिका खेलेर संविधान आउन नदिएको भन्दै आन्दोलन फिर्ता नलिए संयन्त्रमा नबस्ने चेतावनी दिए ।[6] राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संवैधानिक निकाय भन्दा बाहिर गएर व्यवस्थापिका संसदलाई समेत कमजोर बनाउने गरी बनाइने संयन्त्रको आवश्यकता र औचित्य नभएको बताए ।[7]

## सहमति जुटाउन फेरि असफल

सहमतिका लागि संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिलाई पुनः समय दिइएपछि संविधानका विषयवस्तुमाथि छलफल भयो । काँग्रेस र एमालेले एमाओवादीसँग छलफल गर्दा साझा आवधारणा बनाएर प्रस्तुत गर्ने तयारी गरे । असोज १९ गते काँग्रेस, एमाले र एमाओवादीबीच राज्यपुनर्संरचना र शासकीय स्वरुपबारे छलफल भयो । संवाद समितिले सर्वदलिय बैठक आह्वान गर्‍यो । त्यसपछि पनि राजनीतिक दलहरुबीच सहमति नजुटेपछि समितिका सभापति भट्टराईले समितिको प्रतिवेदन संविधानसभामा पेश गरे ।

संविधनसभामा सभापति भट्टराईले भने-'सबै विषयमा विधि भनेर मात्र हुँदैन, सबै विषयमा प्रकृया भनेर पनि हुँदैन । अन्तरवस्तु र विधि दुवैको मिलन भएपछि मात्र लोकतन्त्र पूर्ण हुन्छ । लोकतन्त्र रुल अफ मेजोरिटी पनि हो । मूलभूत विषयमा आधात नपर्ने गरी विषयको टुंगो लगाउनुपर्छ । त्यसैले प्रमुख पक्षहरुसँग मुलभूत विषयमा पर्याप्त सहमति गर्नुपर्छ ।'[8] त्यसपछि सहमतिका आधारमा अघि बढने कि प्रकृयामा भन्नेमा दलहरुबीच विवाद देखा पर्‍यो । एमाओवादीको संसदीय दलको बैठकले प्रकृयामा नभए सहमतिका आधारमा संविधान निर्माण गर्नुपर्ने निष्कर्ष निकाल्यो । २३ असोजमा बसेको एमाले

[4] राजनीतिक दलबीच समझदारी जुटाउन अध्यक्ष दाहालद्वारा भेटघाटलाई तिव्रता । Retrieved November 2, 2014 from http://setopati.com/raajneeti/18737/

[5] राजनीतिक समितिमा प्रधानमन्त्री नबस्ने । Retrieved November 3, 2014 from http://www.ekantipur.com/np/2071/6/26/full-story/396946.html

[6] प्रचण्डले आन्दोलन फिर्ता नलिए उच्चस्तरीय राजनीतिक संयन्त्रमा बस्दैनौ : एमाले । Retrieved November 3, 2014 from http://setopati.com/raajneeti/18649/

[7] संयन्त्र गठनप्रति जनमोर्चाको आपत्ति । Retrieved November 3, 2014 from http://setopati.com/raajneeti/18575/

[8] बाबुरामले भने -हिम्मत हार्ने बेला भएको छैन । Retrieved November 3, 2014 from http://www.newsvitta.com.np/बाबुरामले-भने-हिम्मत-हार/

संसदीय दलको बैठकले सहमति नजुटे प्रकृयामा गएर भएपनि माघ ८ गते संविधान जारी गर्नुपर्नेमा जोड दियो । समितिका सभापति भट्टराईले प्रधानमन्त्री सुशील कोइरालासँग भेट गरी सबैलाई मान्य हुने सहमतिको प्रस्ताव ल्याउन आग्रह गरे । उता, प्रतिवेदनमाथिको छलफलपछि संविधानसभाले संविधानका विवादित विषयमा सहमति जुटाउनका लागि भन्दै संवाद समितिलाई असोज ३० गतेसम्मको समय दियो ।

त्यसपछि संवाद समितिको बैठक बस्यो । जसमा नयाँ संविधान जारी भएको एक महिनाभित्र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्न सहमति जुट्यो । त्यसपछि राजनीतिक दलहरु दुई पक्षिय तथा त्रिपक्षिय वार्तामा लागे । मुख्य विषयमा सहमति नजुटेमा प्रकियामा जान तीन दल निष्कर्षमा पुगे ।[9] छलफल हुने सहमति मात्र भइरहेका बेला समितिका सभापति भट्टराईले विवादित विषयमा आ-आफ्नो अवधारणा पेश गर्न मुख्य दलका नेताहरुलाई आग्रह गरे । दलहरुको वार्ता बारे काँग्रस नेता मनमोहन भट्टराईले यही तालले अघि बढे माघ ८ मा संविधान त के संविधानको मस्यौदा समेत नआउने ठोकुवा गरे ।[10]

त्यसपछि निर्णायक वार्ता गर्ने भन्दै संवाद समितिका सभापति भट्टराईले असोज ३० र ३१ गते गोकर्ण रिसोर्टमा बैठक गरे । बैठकमा न्यायप्रणाली, संघीयता, न्यायपालिका लगायतका विषयमा छलफल भएपनि सहमति भएन । त्यसपछि दलहरुले सहमति जुटाउनका लागि थप समय माग्ने तयारी गरे । कार्तिक १ गते बसेको काँग्रेस, एमाले र एमाओवादीको बैठकमा माघ ८ गते संविधान जारी गर्ने गरी कार्यतालिका परिवर्तन गर्नेबारे पनि छलफल भयो । संवाद समितिका सभापति भट्टराईले कार्तिक २ गते संविधानसभामा प्रतिवेदन पेश गरे । भट्टराईले माघ ८ गतेभित्र संविधान जारी गर्ने गरी कार्यतालिका संशोधन गर्न सुझाव दिए । त्यसपछि बसेको संविधानसभाको बैठकले सहमति जुटाउनका लागि तेस्रो र अन्तिम पटक भन्दै संवाद समितिलाई कार्तिक १५ गतेको समय दियो । बैठकले सहमति नजुटे प्रश्नावली सहित प्रतिवेदन पेश गर्न संवाद समितिलाई निर्देशन दियो ।

त्यसपछि नेताहरु पुन : छलफलमा जुटे । उनीहरुले गोकर्ण रिसोर्टमा बसेर फेरि छलफल गरे । दुई दिन छलफल भएपनि त्यो कुरामा मात्रै समिति भयो । राज्यपुनर्संरचनाबारे आ-आफ्नो अडान नछाड्दा आवासिय वार्ता व्यर्थ भयो ।[11] निर्णायक भनेर संवाद समितिले आयोजना गर्न बैठकमा सत्ताको कुराले समेत प्राथमिकता पायो । वार्तामा सहभागी नेता संविधान जारी भएपछि राज्य सञ्चालनका प्रमुख पाँच पद राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र उपसभामुख कुन कुन दलमा कसरी भागवण्डा गर्ने भन्नेतिर अल्झिएपछि मुख्य विषय संविधानका विवादित मुद्दामा सहमति जुटाउने प्रयास नै आझेलमा पऱ्यो ।[12] त्यसपछि संवाद समितिका सभापति भट्टराईले एमाले अध्यक्ष केपीशर्मा ओली र प्रधानमन्त्री सुशील कोइरालालाई छुट्टा-छुट्टै भेट गरी संविधानका विवादित विषयमा मतभेद हटाउन आग्रह गरे ।

[9] प्रकृयामा जान तीन दल तयार । असोज ३०, २०७१ । नागरिक, पृ.१ ।

[10] यो तालले माघ ८ मा संविधान होइन, मस्यौदा पनि आउँदैन : भट्टराई । Retrieved November 1, 2014 from http://setopati.com/raajneeti/18746/

[11] व्यर्थ भयो शीर्ष बैठक । कार्तिक ६, २०७१ । कान्तिपुर, पृ.१ ।

[12] पाण्डे, बलराम । कार्तिक ११, २०७१ । निर्णायक बैठक नै विषयान्तर । नागरिक, पृ. १ ।

संवाद समितिका सभापति भट्टराईले समितिको बैठकमा न्यायप्रणालीका बारेमा न्यायाधीशहरुसँग र निर्वाचन प्रणालीबारे निर्वाचन आयोगसँग छलफल गरे । न्यायाधीशहरुले संवैधानिक अदालत गठनको व्यवस्था नगर्न सुझाव दिए भने निर्वाचन आयुक्तले मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गर्न सुझाव दिए । त्यसपछि राज्यपुनर्संरचनाबारे एमाले र एमाओवादीबीच छलफल भयो । बैठकमा एमालेले हिमालदेखि तराई जोडिएकको चार प्रदेश हुनपर्ने प्रस्ताव गर्‍यो । त्यसपछि बसेको एमाओवादी स्थायी समितिको बैठकले संघीयताबाट एमाले पछि हटेको निष्कर्ष निकाल्यो । संविधानका विवादित विषयमा फेरि पनि काँग्रेस, एमाले र एमाओवादीबीच छलफल भयो । तरपनि संविधानका मुख्य विषयमा दलहरुबीच सहमति हुन सकेन । सहमति र प्रकृयाबारे दलहरुबीच विवाद जारी रहेका बेला संवाद समितिका सभापति भट्टराईले प्रकृयामा जान पनि सहमति हुनुपर्ने बताए ।[13] त्यस अतिरिक्त उनले संविधानका अन्तर्वस्तुमा रहेका समस्या समाधान गर्नुपर्ने स्थितिमा केही पार्टी र केही नेताले सत्ता साझेदारीको चासो अगाडि बढाएको हुँदा जटिल अवस्था आएको धारणा समेत व्यक्त गरे ।[14]

## काँग्रेस र एमालेको नयाँ प्रस्ताव

संविधानका मुख्य विवादित विषयमा दलहरुबीच छलफल हुने तर सहमति नभएरहेका बेला काँग्रेस र एमालेले आफूहरुको साझा अवधारणा तयार पार्नेबारे छलफल गरे । एमाओवादीसँग वार्ता गर्दा साझा धारणा बनाएर प्रस्तुत हुने काँग्रेस र एमालेको तयारी थियो । त्यसैबला काँग्रेसको संसदीय दलको बैठक भयो । काँग्रेसले संविधानसभाका विवादित विषयबारे अवधारणा सार्वजनिक गर्‍यो । जसमा संघीय संरचनामा लागि पहिलो विकल्पमा पूर्वी प्रदेश, पूर्वी तराई प्रदेश, राजधानी प्रदेश, पश्चिम प्रदेश, पश्चिम तराई प्रदेश र सुदुर पश्चिम प्रदेश थिए भने दोस्रो विकल्पमा सगरमाथा प्रदेश, जानकारी प्रदेश, बागम्ती प्रदेश, गण्डकी प्रदेश, लुम्बनी प्रदेश, कर्णाली प्रदेश र खप्तड थिए । शासन प्रणालीमा प्रतिनिधिसभामा बहुमत प्राप्त व्यक्ति कार्यकारी प्रमुखमा प्रधानमन्त्री हुने र संघीय संसद एवं प्रादेशिक संसद सहितको निर्वाचन मण्डलबाट निर्वाचित संवैधानिक राष्ट्राध्यक्ष हुने थियो । यसैगरी निर्वाचन प्रणालीमा प्रतिनिधिसभा १ सय ७५ र राष्ट्रिय सभामा बढीमा ७५ सदस्य हुने प्रस्ताव थियो ।

न्यायप्रणालीमा सर्वोच्च अदालत अभिलेख अदालतका रुममा रहने, संविधानको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतमा रहने, १० वर्षसम्म संवैधानिक अदालतको व्यवस्था गर्ने लगायत थिए ।[15] काँग्रेसले संविधानका विवादित विषयमा स्पष्टसँग प्रस्ताव अघि सारेको यो नै पहिलो पटक हो । त्यसपछि एमालेले पनि पहिचान र सामार्थ्य आधार सात प्रदेशको अवधारणा तयार पार्‍यो । त्यसको केही दिनपछि संविधानका विवादित विषयमा काँग्रेस र एमालेले साझा आवधारणा तयार पारे । जसमा सगरमाथा, जनकपुर, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र खप्तड प्रदेश प्रस्ताव गरिएको थियो ।[16] सात प्रदेश पनि एमाओवादी सहमतिमा आएमा भन्ने उनीहरुको भनाइ थियो । १० प्रदेश भन्दा एमाओवादी नझरे

[13] प्रकृयामा जान पनि सहमति हुनुपर्छ : भट्टराई । Retrieved November 3, 2014 from http://setopati.com/raajneeti/19360/

[14] संविधानभन्दा सत्तामा ध्यान । कार्तिक १४, २०७१ । अन्नपूर्ण पोष्ट, पृ.१ ।

[15] नेपाली कांग्रेसको संविधान सम्बन्धी केही प्रमुख विषयमा अवधारणा । असोज २५, २०७१ ।

[16] अधिकारी, बालकृष्ण । कार्तिक १४, २०७१ । काँग्रेस-एमालेको सात प्रदेश । नागरिक, पृ.१ ।

सात प्रदेश बढी हुने काँग्रेस र एमालेको धारणा थियो ।[17] यस्तै प्रतिनिधिसभाबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री र निर्वाचन मण्डलबाट चुनिएको संवैधानिक राष्ट्रपति, माथिल्लो सदन पूर्ण समानुपातिक हुने र तल्ला सदनका सदस्यहरु प्रत्यक्ष निर्वाचनबाट चयन हुने निर्वाचन व्यवस्था प्रस्ताव पनि काँग्रेस र एमालेले गरेका थिए ।[18]

**विपक्षीहरु आन्दोलनतर्फ**

संविधानका विवादास्पद विषयमा सहमति नभए प्रकृयाबाट टुंगो लगाउने भन्ने काँग्रेस र एमाले नेताहरुको भनाइबाट प्रतिपक्षी रहेका दलहरु झस्किए । त्यसपछि संघीय गणतान्त्रिक मोर्चा, पहिचानमा आधारित संघीय गठबन्धन र संघीय लोकतान्त्रिक राष्ट्रिय गठबन्धनको बैठक बस्यो । बैठकले बहुमतीय प्रकृयाबाट सत्तारुढ दलहरु अघि बढे सडक संघर्ष गर्ने निर्णय गऱ्यो ।[19] त्यसको अर्को दिन पत्रकार सम्मेलन गरी मोर्चाले आन्दोलनका कार्यक्रम नै घोषणा गऱ्यो । पहिचान सहितको संघीयता र संघीयता सहितको संविधान मोर्चाको माग थियो ।[20] मोर्चाले असोज २४ गते माइतीघरमा विरोध प्रदर्शन गर्ने, २७ गते इटहरीमा सभामा र जुलुस गर्ने, २९ गते दाङमा सभा र जुलुस गर्ने र असोज ३१ गते राजधानीको खुल्लामञ्चमा जनसभा गर्ने कार्यक्रम सार्वजनिक गऱ्यो ।[21] यसप्रति प्रतिपक्षी दलहरुले आक्रोश व्यक्त गरे । एमाले नेता माधवकुमार नेपालले २२ दलले घोषणा गरेको आन्दोलन आत्मघाति र राष्ट्रघाति भएको आरोप लगाए ।[22]

असोज २४ गते पहिचान सहितको संघीय संविधान निर्माणका लागि भन्दै २२ दलले सडक आन्दोलन शुरु गरे । गणतान्त्रिक मोर्चाको बैठकले काँग्रेस र एमालेले अघि सारेको सात प्रदेशको अवधारणा अस्वीकार गर्ने निर्णय गऱ्यो । असोज ३० गते बसेको २२ दलको बैठकले राज्य पुनर्संरचना गर्दा १० प्रदेशको अवधारणामा कायमै रहने निर्णय गऱ्यो । विपक्षी २२ दलको मोर्चाले पत्रकार सम्मेलन गरी सत्तारुढ दलहरु प्रकृयामा फर्किएकाले आन्दोलनको औचित्य पुष्टि भएको बतायो । कार्तिक १ गते बैठक गरी उनीहरुले बहुमतीय प्रकृयाबाट संविधान जारी गर्ने प्रकृयालाई रोक्न राजनीतिक दबाबलाई निरन्तरता दिने निर्णय गऱ्यो । विपक्षी दलहरु संगठीत रुपमा प्रस्तुत भएपछि काँग्रेस र एमालेले बैठक गरे । त्यसपछि उनीहरु संविधानका विवादित विषयमा साझा अवधारणा ल्याउनेतर्फ लागे । त्यसपछि २२ दलीय गठबन्धनले आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरे । यसबीचमा बसेको एमाओवादीको स्थायी समितिको बैठकले राज्यपुनर्संरचना गर्दा राज्यपुनर्संरचना आयोगको सुझावका आधारमा गनुर्नपर्नेमा जोड दियो ।

---

17 अधिकारी, बालकृष्ण । कार्तिक १४, २०७१ । काँग्रेस-एमालेको सात प्रदेश । नागरिक, पृ.१ ।

18 अधिकारी, बालकृष्ण । कार्तिक १४, २०७१ । काँग्रेस-एमालेको सात प्रदेश । नागरिक, पृ.१ ।

19 असोज १९, २०७१ । कान्तिपुर टिभी ।

20 पहिचान सहितको संघीयता र संघीयता सहितको संविधान । Retrieved November 3, 2014 from http://enayapatrika.com/coverstory/10421.html

21 पहिचान सहितको संघीयता र संघीयता सहितको संविधान । Retrieved November 3, 2014 from http://enayapatrika.com/coverstory/10421.html

22 एमाओदी लगायत २२ दलले घोषणा गरेको आन्दोलन आत्मघाति र राष्ट्रघाति : नेपाल । Retrieved November 2, 2014 from http://setopati.com/raajneeti/18401/

**निष्कर्ष**

संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ्, संवैधानिक समितिका सभापति बाबुराम भट्टराई लगायतले संसद अवरुद्ध भइरहेका बेला त्यसको असर संविधान निर्माण प्रकृयामा भएको बताए पनि परिणाम त्यस्तो देखिएन । त्यस्तै राजनीतिक समिति बन्न नसकेर पनि संविधान निर्माण प्रकृया प्रभावित भएको बताइएपनि समिति बनेपछि पनि ठोस उपलब्धी हासिल हुन सकेन । सहमतिका जुटाउनका लागि भन्दै संवैधानिक राजनीतिक संवाद तथा राजनीतिक समितिलाई दुई पटक समय थप गरिएपनि त्यसको अर्थ देखिएन । भाषण तथा कार्यक्रममा माघ ८ गते संविधान निर्माण गर्ने बताएपनि संविधान निर्माणप्रति नियत सफा देखिएन । राजनीतिक समिति र संवाद समितिमार्फत एमाओवादीले एकातिर संविधान निर्माणका लागि भन्दै संवाद प्रकृयालाई जोड दियो भने अर्को तर्फ पहिचास सहितको संविधानका लागि भन्दै आन्दोलन थाल्यो । काँग्रेस र एमालेले सहमति कायम गर्ने भन्दा प्रकृयामा नै जोड दिए । राजनीतिक दलहरुसँग सहमतिका लागि भन्दै अवधारणा ल्याएको भनिएपनि ती सहमति भन्दा दुरी बढाउने र एमाओवादीसँग बार्गेनिङको लागि देखिन्थ्यो । त्यतिमात्र होइन, संविधान निर्माण छलफलका क्रममा सत्ता बाँटफाँट पनि घुस्न पुग्यो । त्यसले गर्दा सत्तामा सहमति नभै संविधानका मुख्य विषयमा सहमति नबन्ने स्थिति सिर्जना हुन पुग्यो ।

## मुख्य राजनीतिक घटनाक्रम

**असोज १५**

- एमाले उपाध्यक्ष वामदेव गौतमद्वारा काँग्रेस र एमालेबीच ६ देखि सात प्रदेश राख्ने सहमति भएको जानकारी ।

**असोज १६**

- संयुक्त राष्ट्रसंघको ६९ औ महासभामा भाग लिई प्रधानमन्त्री सुशील कोइराला स्वदेश फिर्ता । सहमति र एकताका आधारमा संविधान निर्माण प्रकृया अघि बढ्ने विश्वास ।

**असोज १७**

- प्रधानमन्त्री सुशील कोइराला र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच भेटवार्ता । अवरुद्ध संसद खुलाउने र संविधानका विवादित विषयमा छलफल ।

**असोज १८**

- संविधानका विवादित विषयबारे सहमति खोज्न दलहरुको कार्यदलको बैठक । विना निष्कर्ष समाप्त ।

**असोज १९**

- बालुवाटारस्थित प्रधानमन्त्री कार्यालयमा काँग्रेस, एमाले र एमाओवादीको बैठक । शासकीय स्वरुप र राज्यपुनर्संरचनाबारे दलहरुबीच विवाद कायमै ।
- काँग्रेस र एमालेको बैठक । राज्यपुनर्संचना र शासकीय स्वरुपबारे साझा धारणा बनाएर एमाओवादी सहितको बैठकमा प्रस्तुत हुने तयारी ।
- प्रमुख प्रतिपक्षी दलहरुको गठबन्धन संघीय गणतान्त्रिक मोर्चा, पहिचानमा आधारित संघीय गठबन्धन र संघीय लोकतान्त्रिक राष्ट्रिय गठबन्धनको बैठक । बहुमतीयको प्रकृयाबाट सत्तारुढ दलहरु अघि बढे सडक संघर्ष गर्ने निर्णय ।

**असोज २०**

- प्रतिपक्षी २२ दलद्वारा आन्दोलनका कार्यक्रम घोषणा ।
- संविधानसभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको आह्वानमा सर्वदलिय बैठक । संविधान निर्माण सम्बन्धी सर्वदलिय बैठक । मुख्य दलहरुबीच विवाद ।

### असोज २१

- संविधानका विवादित विषयमा सहमति जुटाउन भन्दै संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । दलहरुबीच सहमति नभएपछि सहमति नभएको विषय उल्लेख गर्दै संविधानसभामा प्रतिवेदन बुझाउने तयारी ।

- काँग्रेसद्वारा चियापान कार्यक्रमको आयोजना । सहमति नभए प्रकृयामा गएर भएपनि माघ ८ गते संविधान जारी गर्नमा काँग्रेस र एमालेका नेताहरुको जोड । एमाओवादीका नेताहरुद्वारा सहमतिमा नै संविधान जारी हुनुपर्ने भनाई ।

### असोज २२

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्राईद्वारा समितिको प्रतिवेदन संविधानसभामा पेश । मुख्य विषयमा सहमति गर्नु पर्नेमा सभापति भट्टराईको जोड ।

- काँग्रेस, एमाले र एमाओवादीबीच उच्चस्तरीय राजनीतिक समिति गठन लगायतका पाँच बुँदे सहमति । अवरुद्ध संसद खुल्ला ।

- व्यवस्थापिका संसदको बैठक । संविधानसभा निर्वाचन अध्ययन अनुसन्धान तथा सुझाव संसदीय समितिको समय तीन महिना थप ।

### असोज २३

- एमाओवादीको संसदीय दलको बैठक । प्रकृयामा नभै सहमतिका आधारमा संविधान निर्माण गर्नुपर्ने निष्कर्ष ।

- एमाले संसदीय दलको बैठक । सहमति नजुटे प्रकृयामा गएर भएपनि माघ ८ गते संविधान जारी गर्नु पर्ने निष्कर्ष ।

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराई र प्रधानमन्त्री सुशील कोइरालाबीच भेटघाट । सबैलाई मान्य हुने सहमतिको प्रस्ताव ल्याउन प्रधानमन्त्री कोइरालालाई आग्रह ।

### असोज २४

- व्यवस्थापिका संसदको संसदीय विशेष सुनवाई समितिको बैठक । मानव अधिकार आयोगको नियुक्तिमा समावेशि सिद्धान्त नअपनाइएको भन्दै सदस्यहरुद्वारा संविधानिक परिषद्को आलोचना ।

- संविधानसभाको बैठक । संविधानका विवादित विषयमा सहमति जुटाउन संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिलाई ३० गतेसम्मको म्याद थप ।

- पहिचान सहितको संघीय संविधान निर्माणका लागि भन्दै २२ दलद्वारा सडक आन्दोलन शुरु ।

**असोज २५**

- संविधानका विवादित विषयमा काँग्रेसद्वारा दृष्टिकोण तयार । राज्यपनुर्संरचनामा गर्दा ६ वा ७ प्रदेश बनाउन सकिने प्रस्ताव ।

**असोज २६**

- व्यवस्थापिका संसदको बैठक । पर्याप्त छलफल विना प्रकृया छोट्टाएर विनियोजन विधेयक पारित गर्ने तयारी भएको भन्दै सभासद्हरुद्वारा सरकारको आलोचना ।

- संविधानको अन्तरवस्तुबारे एमालेद्वारा पहिचान र सामार्थ्यको आधारमा सात प्रदेश सहितको अवधारणा तयार ।

**असोज २७**

- संवैधानिक राजनीतिक संवाद तथा सहतति समितिको बैठक । नयाँ संविधान जारी भएको एक महिनाभित्र राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्न दलहरु सहमत ।

- संवैधानिक परिषद्को बैठक । राष्ट्रिय मानव अधिकार आयोगका लागि पदाधिकारीको नाम जस्ताको तस्तै सिफारिस ।

- राजनीतिक समितिको बैठक । शान्ति प्रकृयाका बाँकी काम पूरा गर्ने र संविधान निर्माणमा दलहरुबीच समझदारी बनाउने क्षेत्राधिकार ।

**असोज २८**

- संविधानका विषयवस्तुबारे काँग्रेस, एमाले, एमाओवादी र मधेशी मोर्चाको अलग अलग छलफल ।

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । वैज्ञानिक भूमिसुधार सम्बन्धी विवाद समाधान ।

- गणतान्त्रिक मोर्चाको बैठक । काँग्रेस र एमालेले ल्याएको सात प्रदेशको अवधारणा अस्वीकार ।

- काँग्रेस र मधेशवादी दलहरुबीच बैठक । शासकीय स्वरुप, संघीयता र न्यायप्रणालीबारे छलफल ।

- एमाओवादीद्वारा २६ मध्ये आफ्नो भागमा परेका चार जना सभासद्को नाम प्रधानमन्त्री समक्ष पेश ।

## असोज २९

- काँग्रेस, एमाले र एमाओवादीको बैठक । संविधानका विषयवस्तुबारे सहमति हुन नसके प्रकृयाबाट टुंग्याउने सहमति ।
- एमाओवादी अध्यक्ष एवं उच्चस्तरीय राजनीतिक समितिका संयोजक पुष्पकमल दाहालद्वारा एमाले र काँग्रेसका नेताहरुसँग छुट्टा छुट्टै भेटघाट । संघीयतामा सहमति भए अरु विषयमा तत्काल सहमति गर्न सकिने भनाइ ।
- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । सभापति बाबुराम भट्टराईद्वारा संविधानका विवादित विषयमा आ आफ्नो धारणा पेश गर्न मुख्य दलका नेताहरुलाई आग्रह ।
- विपक्षी २२ दलको बैठक । राज्यपुनर्संरचना गर्दा १० प्रदेशको अवधारणामा कायमै रहने निर्णय ।

## असोज ३०

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको पहलमा मुख्य दलका नेताहरुको बैठक गोकर्ण रिसोर्टमा । न्यायप्रणाली, संघीयता, शासकीय स्वरुपबारे छलफल भएपनि सहमति हुन सकेन ।
- विपक्षी २२ दलिय मोर्चाको पत्रकार सम्मेलन । सत्तारुढ दलहरु प्रकृयामा फर्किएकाले आन्दोलनको औचित्य पुष्टि भएको भनाइ ।
- मन्त्रिपरिषद्को बैठक । एमाओवादीले सिफारिस गरेका चार जनालाई सभासद्मा नियुक्त ।
- संविधानका मुख्य विषयमा सहमतिमा पुग्न दलहरु पुन असफल ।

## असोज ३१

- मुख्य तीन दलको बैठक । संविधानका मुख्य विषयमा सहमति जुटाउनका लागि थप समय माग्ने तयारी ।

## कार्तिक १

- एमालेद्वारा चियापन कार्यक्रमको आयोजना । सहमतिका आधारमा माघ ८ गते नै संविधान आउने मुख्य दलका नेताहरुको दाबी ।
- काँग्रेस, एमाले र एमाओवादीका नेताहरुको बैठक । माघ ८ गते संविधान जारी गर्ने गरी कार्यतालिका परिवर्तन गर्नेबारे छलफल ।

- विपक्षी २२ दलिय मोर्चाको बैठक । बहुमतीय प्रकृयाबाट संविधान जारी गर्ने प्रकृयालाई रोक्न राजनीतिक दबाबलाई निरन्तरता दिने निर्णय ।

**कार्तिक २**

- संविधानसभा संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा संविधानसभामा प्रतिवेदन पेश । माघ ८ गतेभित्र संविधान जारी गर्ने गरी कार्यतालिका संशोधन गर्न सुझाव ।

- व्यवस्थापिका संसदको बैठक । आर्थिक वर्ष २०७१/७२ को बजेट पारित ।

**कार्तिक ३**

- काँग्रेस र एमालेको बैठक । विपक्षी २२ दलले उठाएका मुद्दाबारे छलफल । विवादित विषयमा साझा धारणा बनाउने बारे पनि छलफल ।

**कार्तिक ४**

- संविधानसभाको बैठक । संविधानका विवादित विषयमा सहमति जुटाउनका लागि संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिलाई तेस्रो पटक समय थप ।

- संविधानका विवादित विषयमा सहमति खोज्न भन्दै काँग्रेस, एमाले र एमाओवादीका नेताहरुको गोकर्ण रिसोर्टमा बैठक । सहमति हुन सकेन ।

- विपक्षी २२ दलिय गठबन्धनद्वारा आन्दोलनका थप कार्यक्रम घोषणा ।

**कार्तिक ५**

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको अग्रसरतामा काँग्रेस, एमाले र एमाओवादीका नेताहरु गोकर्ण रिसोर्टमा । कुरा छलफलमा मात्रै सिमित ।

**कार्तिक ७**

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा एमाले अध्यक्ष केपीशर्मा ओलीसँग छलफल ।

**कार्तिक ८**

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईद्वारा प्रधानमन्त्री सुशील कोइरालासँग भेट । संविधानका विवादित विषयमा मतभेद हटाउन प्रधानमन्त्री कोइरालालाई आग्रह ।

## कार्तिक ९

- एमाओवादी स्थायी समितिको बैठक । राज्यपुनर्संरचना गर्दा राज्यपुनर्संरचना आयोगले सुझावका आधारमा गर्नुपर्नेमा जोड ।
- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिको बैठक । न्यायप्रणालीका बारेमा प्रधानन्यायाधीश सहित न्यायाधीशहरुसँग छलफल । संवैधानिक अदालत गठन नगर्न न्यायाधीशहरुको सुझाव ।
- संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिद्वारा निर्वाचन प्रणाालीबारे निर्वाचन आयुक्तहरुसँग छलफल । आयोगद्वारा मिश्रित सदस्यीय समानुपातिक निर्वाचन प्रणाली हुनुपर्ने प्रस्ताव पेश ।
- संविधानका विवादित विषयमा एमाले र एमाओवादीका नेताहरुबीच छलफल । हिमालदेखि तराई जोडिएको चार प्रदेश हुनुपर्ने एमालेको प्रस्ताव ।

## कार्तिक १०

- संविधानका विवादित विषयमा काँग्रेस, एमाले र एमाओवादीको छुट्टा छुट्टै बैठक ।
- विपक्षी २२ दलिय मोर्चाको चियापान । निर्धारित समयमा संविधान जारी हुनेमा शंका नगर्न दलका नेताहरुको आग्रह ।

## कार्तिक ११

- संवैधानकि राजनीतिक संवाद तथा सहमति समितिको बैठक । संविधानका विवादित विषयमा छलफल भएपनि सहमति जुटन सकेन ।
- संविधानका विवादित विषयमा एमाले र एमाओवादीको वार्ता । राज्यपुनर्संरचनाबारे छलफल भएपनि सहमति हुन सकेन ।
- एमाओवादी स्थायी समितिको बैठक । संघीयतामा एमाले पछि हटेको निष्कर्ष ।

## कार्तिक १३

- काँग्रेस र एमालेद्वारा संविधानका विवादित विषयमा साझा अवधारणा तयार ।